अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

**मिति २०७९।६।३१ गते, समय ३ वजे दिनको, बैठक संख्या: ९१**

**कार्यपालिकाको वैठकका निर्णयहरु**

प्रस्ताव नं. १.अघिलो बैठकको निर्णयहरुको समिक्षा।

निर्णय:अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्विन गर्ने।

प्रस्ताव नं. २.गत आव २०७८।७९ को वार्षिक समिक्षा।

निर्णय:गत आव २०७८।७९ को वार्षिक समिक्षा बैठक मिति २०७९।७।१८ गते विहान ८ वजे कार्यालयको हलमा आयोजना गर्ने। उक्त समिक्षा बैठकमा निर्वतमान प्रमुख, उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य ज्यूहरुलाई समेत आमन्त्रण गर्ने।

प्रस्ताव नं. ३.निर्माणाधिन औधोगिक ग्रामको हाल सम्मको निर्माणको विल भुक्तानी।

निर्णय:निर्माणाधिन औधोगिक ग्रामको हाल सम्मको निर्माणको विल भुक्तानी निर्माण कर्ताबाट माग भएकोमा हाल सम्मको निर्माण कार्यको भुक्तानी गर्ने।

प्रस्ताव नं. ४.डकले वसपार्क निर्माण, सिटि हल लगायतका योजनाहरुको वातावरणीय प्रभाव अध्ययन।

निर्णय:डकले वसपार्क, वजारको बसपार्क, सिटि हल लगायतका योजनाहरुको कार्यान्वयन गर्न वातावरणीय प्रभाव अध्ययन गर्नु पर्ने भएकाले मिल्दो शिर्षकबाट बजेट व्यवस्था गरि वातावरणीय प्रभाव अध्ययन गर्ने।

प्रस्ताव नं. ५.बहुक्षेत्रिय पोषणको लागि साझेदारी रकम विनियोजन गर्ने।

निर्णय:बहुक्षेत्रिय पोषण कार्यक्रम कार्यान्वयन गर्न स्वास्थ्य कायर्क्रमबाट रु १० लाख विनियोजन गर्ने।

प्रस्ताव नं. ६.नगरपालिका भित्र पूर्णसरसफाईका कार्यक्रम संचालनका लागि वजेट विनियोजन।

निर्णय:अमरगढी नगरपालिकालाई खुल्ला दिशामुक्त नगरपालिका घोषणा भए ता पनि आ व २०७८।७९मा स्वास्थ्य शाखाबाट भएको घरधुरी लाईन लिष्टिङ्गमा ८२ घरमा चर्पी हालसम्म पनि नबनेको देखिएको प्रतिबेदन प्राप्त भएकोले सो सम्बन्धमा आवश्यक छानविन गर्न र व्यवस्थापन गर्न सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा स्वास्थ्य शाखा प्रमुख, सम्बन्धित स्वास्थ्य संस्थाको इन्चार्ज र सम्बन्धित वडा सचिव सदस्य रहने गरि ४सदस्यीय छानविन समिति गठन गरी १ महिना भित्र प्रतिबेदन कार्यपालिकामा पेश गर्ने। प्रतिबेदनका आधारमा उक्त कार्यक्रम कार्यान्वयन गर्न वजेट व्यवस्था गर्न र चाङ्ग चुठ्यान निर्माण अभियानले असल घरको सन्देश दिई रहेकोले चाङ्ग जुठ्यान निर्माण समेत शहरी शासकिय पूर्वाधर कार्यक्रमको लइ मा समावेश गरि नगरपालिका भित्र सबै घरमा यसै आर्थिक बर्षभित्र सम्पन्न गर्ने।

प्रस्ताव नं. ७.कार्यालयको चमेना गृह र सभा हलको मन्च निर्माण।

निर्णय:कार्यालयका लागि आवस्यक चमेना गृह र सभा हलको मन्च निर्माण गर्न आवस्यक भएको हुंदा उक्त कार्यकालागि लइ तयार गरि लइ अनुसार आवस्यक वजेट संचित कोषबाट खर्च गर्ने।

२०७९।७।१२

प्र. प्रशासकीय अधिकृत

प्रस्ताव नं. ८.डडेल्धुरा जिल्लामै स्वास्थ्य शाखा उत्कृष्ठ भएकाले बधाई सहित धन्यवाद ।

निर्णय:गत आर्थिक बर्षमा सुदूर पश्चिम प्रदेशबाट मुल्याङकनका आधारमा डडेल्धुरा जिल्लामै यस नगरपालिकाको स्वास्थ्य शाखा उत्कृष्ठ भएकाले स्वास्थ्य शाखा प्रमुख लगायत स्वास्थ्य क्षेत्रका सवै कर्मचारीहरुलाई बधाई सहित धन्यवाद दिने ।

प्रस्ताव नं. ९.विविध ।

निर्णय:

क) वडा नं २ को वडा कार्यालयबाट एकमुष्ठ विनियोजित वडा सिलिगं वजेटबाट प्रस्ताव भएका ३ वटा योजना कार्यान्वयन गर्न संशोधन गर्ने ।

ख) जिल्ला प्रशासन कार्यालय र वजारका विभिन्न क्षेत्रमा ४ वटा प्रहरी पोष्ट निर्माण गर्न लइ अनुसार म्याचिगं फण्डबाट वजेट विनियोजन गर्ने ।

ग) जिल्ला कारागार कार्यालयमा रहेका कैदी बन्दिको विभिन्न क्रियाकलापका लागि रु ५० हजार उपलब्ध गराउने ।

घ) यस कार्यालयमा रहेको नगरबस साझेदारीमा संचालन गर्न सार्वजनिक सुचना भएकोमा कसैको प्रस्ताव नपरेको हुंदा मासिक रु २० हजार भाडा कायम गरि पुन सूचना प्रकासन गर्ने ।

ङ) वडा नं ९ निवासी श्री दुर्गादिवी महरको उपचारकालागि रु ५० हजार सहयोग गर्ने ।

च) वडा नं ७ निवासी नृत्य कलाकार श्री सानिया भट्टराईलाई रु २५ हजार सहयोग गर्ने ।

छ) शताप्दि पुरुष संस्कृति विद स्व. सत्य मोहन जोशीको निदन प्रति गहिरो दुख: व्यक्त गर्दै मृत आत्माको चिर शान्तिको कामना गरि शोक सन्तव्ध परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्ने ।

२०८१।७।१२

प्रमुख प्रशासकीय अधिकृत